ज.प्र.का.म.द.नं.४८/०७३/०७४
वर्ष ६, अंक १३३
४ फागुन २०७९ बिहीवार
16 Feb. 2023, Thursday
www.shirishnews.com
पृष्ठ ४ मूल्य रु. ५/-

सधै र सबैको लागि खबर खोज्ने अभियान
# खबर दर्पण
Khabar Darpan National Daily
राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

# बिरामी पत्नीलाई ७० वर्षीय वृद्धले झोलुंगोमै बोकेर पुऱ्याए अस्पताल



**खबर दर्पण समाचारदाता**

**फागुन ३ गते, जनकपुर**
धनुषाको जनकनन्दनी गाउँपालिका-४ खुजरी चन्हाकी ६८ वर्षीया अमिर्ती देवी सोमबार पति रामआशिष मण्डलसँग रेल चढेर जनकपुर आइन् । उपचारका लागि आएका उनीहरु जनकपुरको केवट कुट्टीमा बास बसे ।

राति ११ बजे मुटुको समस्याले अमिर्ती छटपटाउन थालिन्, दमको समस्या बढ्न थाल्यो । पति रामआशिष बेचैन भए । हतारहतार जनकपुर प्रादेशिक अस्पताल पुऱ्याउन छेउकै सडक हुँदै गुडेका अटो रिक्सा, एम्बुलेन्स र गाडीलाई रोकेर बिन्ती गरे । तर कसैले अमिर्तीलाई अस्पताल पुऱ्याइदिन मानेनन् ।

केहीबेरमा आफन्त मधुर मण्डल आइपुगे । उनलाई देखेपछि ७० वर्षका रामअशिषलाई सहयोग पुग्ने विश्वास पलायो । मधुरले दिदी नाता पर्ने अमिर्तीलाई बोकेरै भएपनि अस्पताल पुऱ्याउन तयार भए ।

एउटा बाँसको टुक्रा कुट्टीबाट खोजे । दुई छेउमा कपडा बाँधेर स्ट्रेचर जस्तो बनाए । त्यसमै अमिर्तीलाई राखेर रामआशिष र मधुरले डेढ किलोमिटर टाढा रहेको प्रादेशिक अस्पताल पुऱ्यायो । समयमै झोल्ना (झोलुंगो) मै लगेपछि अमिर्तीको बेलैमा उपचार भयो ।

प्रादेशिक अस्पतालको आकस्मिक कक्षमा उपचार गराइरहेकी अमिर्तीले स्वास्थ्यमा सुधार भएको बताइन् । 'मलाई समयमै अस्पताल नल्याएको भए बाँच्ने थिइनँ होला' अमिर्तीले भनिन् । उनी एकवर्षदेखि मुटु र मधुमेहको बिरामी छन् ।

माधुरले आफूले पनि बिन्ती गर्दा कुनै अटो, एम्बुलेन्स र गाडीले ल्याउन नमानेपछि झोल्नामै बोकेर अस्पताल पुऱ्याएको बताए । 'पैसा दिन्छु, लगिदिनुस् भनेर धेरैलाई आग्रह गऱ्यौं तर कसैले मानेनन्' उनले भने ।

# क्रसर व्यवसायीबाट मारिएका दिलीप महतो हत्या प्रकरणमा तीन जना दोषी ठहर



**खबर दर्पण समाचारदाता**

**फागुन ३ गते, महेन्द्रनगर**
धनुषाको मिथिला नगरपालिका-५ श्रीपुरका दिलिप भनेर चिनिने ओम प्रकाश महतोको हत्यामा संलग्न तीन जनालाई जिल्ला अदालतले दोषी ठहर गरेको छ।

औरही खोलामा अवैध रुपमा बालुवा-गिट्टी खनेको विरोध गर्दा मारिएका महतोको घटनामा विपिन महतो, जितेन्द्र महतो र मुनीन्द्र महतो दोषी ठहर भएको स्रेस्तेदार विकास बस्नेतले जानकारी दिए।

उनका अनुसार जिल्ला अदालत धनुषाका न्यायाधीश चित्रबहादुर गुरुङको इजलाशले विपिन, जितेन्द्र मुख्य कसुरदार र मुनीन्द्र मतियार ठहर भएका हुन्।

अगामी फागुन १२ गते उनीहरूलाई न्यायाधीश गुरुङले सजाय निर्धारण गर्ने स्रेस्तेदार बस्नेतले बताए। उनका अनुसार मुख्य अभियुक्तहरूलाई २५ वर्ष वा आजिवन कैद सजाय हुनसक्छ।

कसुरदार ठहर भएका विपिन चुरियामाई बालुवा प्रशोधन उद्योगका सञ्चालक हुन्।

जितेन्द्र र मुनीन्द्र त्यहाँ कामदार थिए। हत्या अभियुक्तहरू क्रसर उद्योग सञ्चालक विनोद महतो र कामदारहरू सत्यनारायण महतो, शत्रुधन महतो र रोशनकुमार महतोलाई सफाइ दिएको छ। अभियोग बमोजिम प्रमाण नभेटिएपछि उनीहरूलाई सफाइ दिएको स्रेस्तेदार बस्नेतले बताए।

घर नजिकैको औरही खोलामा भैरहेको उत्खननको विरोध गर्न पुगेका दिलिपको २०७६ पुस २५ गते बिहान हत्या भएको थियो।फलामको लिभर र पेचकसले शरीरका विभिन्न भागमा क्रुरतापूर्वक प्रहार गरी दिलिपको जिउमाथि टिपर चलाइएको थियो।

# प्रदेश सभाको पहिलो बैठकमा भ्रष्टाचार मुद्दा, प्रदेशमा भएका भ्रष्टाचारको छानबिन गर्न माग

**ध्रुवकुमार झा**

**फागुन ३ गते, जनकपुर**
मधेश प्रदेश सभाको पहिलो बैठकमा सभासदहरुले प्रदेशमा भएका भ्रष्टाचारको छानबिन गर्न माग गरेका छन् । सभासदहरुले यातायात व्यवस्था कार्यालय, जानकी मन्दिरको सौन्दर्यकरण, मधेश कृषि विश्वविद्यालय लगायतका निकायहरुमा भएका भ्रष्टाचारको छानबिन गर्न माग गरेका छन् ।

नेकपा एमालेका सांसद दीपेन्द्र ठाकुरले यातायात व्यवस्था कार्यालयमा व्यापक भ्रष्टाचार भइरहेको उल्लेख गर्दै तत्काल रोक्न माग गरेका छन् । 'आमनागरिकको सोझो सरोकार भएको यातायात कार्यालयमा आर्थिक चलखेल ब्यापक भइरहेको छ ' उनले भने, मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादव र भौतिक पूर्वाधार विकास मन्त्री सरोज यादवको ध्यानाकर्षण होस् ।

प्रदेश सभाको मंगलवार बसेको बैठकमा नेकपा एकीकृत समाजवादी पार्टी (एस)का सांसद गोविन्द बहादुर न्यौपानेले भने,' अब हामीले गर्ने कार्यक्रम समाजवाद उन्मुख होस् तपाईले ल्याउने बजेट



समाजमा पुग्ने के के हुन सक्छ नीति कार्यक्रम र बजेटमा ल्याउनुस त्यसको लागि शुभकामना छ ।' उनले आफूहरूले मुख्यमन्त्रीलाई विश्वासको मत दिए पनि रचनात्मक प्रतिपक्षको भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गरे । उनले भने, बैंक तथा लघुवित्तहरुको ब्याज चर्को रहेको र सो ऋणले गर्ने कारोबारबाट आउने नाफाले ऋणको ब्याज पनि तिर्न सक्ने अवस्था नरहनु दुर्भाग्यपूर्ण हो ।

नेपाली कांग्रेसका सांसद जङ्गीलाल रायले मुख्यमन्त्री यादवले सडक र सदनमा उठेका कुरालाई सम्बोधन गर्ने अपेक्षासहित कांग्रेसले विश्वासको मत दिएकाले त्यसलाई मधेशको हितमा प्रयोग गर्न आग्रह गरे । 'हामीले मधेश प्रदेशको हितका पक्षमा काम गर्ने अपेक्षासहित मत दिएका हौं', रायले भने,'विश्वासको मत दिँदैमा सबै सत्तापक्ष हुन् र संसदमा प्रतिपक्ष छैन भन्ने नरहोस्, आउने दिनमा मुख्यमन्त्रीले गर्ने काम र खेल्ने भूमिकाले नै थप मूल्यांकन हुनेछ । अहिले सदनमा उठेका मुद्दाहरुको उहाँहरुले सम्बोधन गर्ने विश्वासको आधारमै हामीले विश्वासको मत दिएको यादवले स्पष्ट पार्दै भने,' विश्वासको मत दिँदैमा सबै सत्ता पक्ष नै भइहाल्छ भन्ने होइन त्यसैले विगतमा गरेको वाचा अनुसार कार्य अगाडि बढाउन सक्नुपर्छ ।'

लोकतान्त्रिक समाजवादी पार्टी( लोसपा) संसदीय दलका नेता अभिराम शर्माले मधेश कृषि विश्वविद्यालयमा भएको

बाँकी पृष्ठ ३ मा


# जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

Hot line number
9748457490 / 9748457491

रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)

सम्पर्क नं. 9854028392 / 9854021392 / 9801528392

प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्वारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।

## २४ औं घण्टा उपलब्ध सेवा

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्बारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३द्दीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशनको सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्वारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था ।

## सम्पादकीय

# शिक्षामा सरकार चुकेको हो की ?

नेपालको संविधानले आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने नागरिकको हक सुनिश्चित गरेको छ। वर्तमान नीतिगत तथा कानुनी व्यवस्थाअनुसार चार वर्ष उमेर पूरा गरेका बालबालिकालाई कक्षा एकमा प्रवेश गर्नुभन्दा अगाडि एक वर्ष अवधिको उनीहरूको सर्वाङ्गीण विकासमा केन्द्रित प्रारम्भिक बालविकास तथा शिक्षाको अधिकार रहेको छ।

पछिल्लो समय प्रारम्भिक बालविकास तथा शिक्षा नागरिकको अधिकार र राज्यको दायित्वका रूपमा स्थापित भएको छ। नेपाल सरकारबाट अनुदान प्राप्त गर्ने गरी सामुदायिक विद्यालय र समुदायमा गरी ३० हजार ४५० वटा प्रारम्भिक बालविकास केन्द्र सञ्चालनमा रहेका छन्। जसका लागि नेपाल सरकारले एक जना बालविकास शिक्षकको पारिश्रमिक, सिकाइ सामग्री व्यवस्थापन र दिवा खाजाका लागि वित्तीय हस्तान्तरणका माध्यमबाट अनुदान उपलब्ध गराउँदै आएको छ। प्रदेश सरकारका शिक्षा तालिम केन्द्रबाट बालविकास शिक्षकलाई शिक्षक पेसागत विकास कार्यक्रमअन्तर्गत तीस कार्य दिने प्रमाणीकरण तालिम दिने व्यवस्था छ। स्थानीय तह र गैरसरकारी सङ्घसंस्थाबाट पनि विभिन्न तालिम तथा क्षमता विकास, सिकाइ एवं खेल सामग्री सहयोग र अभिभावक सचेतीकरणजस्ता कार्यक्रम सञ्चालन हुँदै आएका छन्। निजी लगानीबाट सञ्चालित संस्थागत विद्यालयमा छ हजार ०४८ वटा पूर्वप्राथमिक कक्षा सञ्चालनमा रहेका छन्। यी सबैमा गरी कुल दस लाख दस हजार १९५ बालबालिका भर्ना भएका छन् र यस तहको कुल भर्नादर ८९.६८ प्रतिशत रहेको छ ( शिक्षा तथा मानव स्रोत विकास केन्द्र, फ्ल्यास रिपोर्ट २०७८)।

प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालनसम्बन्धी निर्देशिका, २०६१ तत्कालीन समयमा बालविकास केन्द्रको स्थापना र सञ्चालनको महत्वपूर्ण आधारका रूपमा रहेको थियो र यसका मूलभूत पक्षहरू अझै सान्दर्भिक भए पनि सङ्घीय प्रणालीअनुरूप पुनर्बोध आवश्यक भएको छ। प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम, २०७७ ले सिकाइका क्षेत्र तथा विषयवस्तु, विकासात्मक तथा सिकाइ क्रियाकलापको सञ्चालन, सिकाइ वातावरण, अभिभावक संलग्नता र मूल्याङ्कन प्रक्रिया निर्दिष्ट गरेको छ।

# ‘प्रधानमन्त्री बन्यौ, तर जनताका कुरा गर्न सकेनौं’

डा.चन्द्र भण्डारी

नेपालको वर्तमान अवस्था, नेपाली जनताको अवस्था, नेपाली परिवेश र नेपालको इतिहास यी सब मनन् गर्दै एउटा नेपालीको नाताले नेपाली माटो छोएर केही बोल्नुपर्ने अवस्था सिर्जना भएको छ।

म प्रथमतः गुल्मेली जनता, शुभचिन्तक, सहयोगीहरू जसले यो बोल्ने अवसर प्रदान गर्नुभयो उहाँहरूलाई धन्यवाद प्रकट गर्न चाहन्छु।

सभामुख महोदय, यो ग्लोबल भिलेजमा हामी अहिले कहाँ छौं, विश्वमा हामी नेपाल कहाँ रहेका छौं र हामी के गर्दैछौं, हाम्रो प्रविधिको विकास कहाँ जाँदैछ, संरचनको विकास के हुँदैछ? विश्वलाई हेर्दा प्रविधिको विकासमा हामी अल्फा जनेरेसनमा आएका छौं अहिले।

त्यसरी नै आर्टिफिसियल इन्टिेलिजेन्सले धेरै कुराहरूलाई विकास गरेको छ। आज हाम्रो सोचमा, हाम्रो दृष्टिकोणमा, हाम्रो बोलाइमा, हाम्रो कार्यशैलीमा सबै कुरामा परिवर्तन गरेको छ। जसले गर्दा च्याट जिपिटीको विकास भएको छ। यसले गुगललाई रिप्लेस गर्दैछ।

यो अवस्थामा हाम्रो देश, हाम्रो शिक्षा, हाम्रो स्वास्थ्य, हाम्रो योजना कहाँ पर्दैछ। विश्वको मानचित्रमा यो विकासमा के छुँदैछ। आज पूर्वाधारको विकासमा विश्व कृत्रिम सूर्य र चन्द्रमा बनाइरहेको छ।

अहिलेको सूर्यको भन्दा कृत्रिम सूर्यको तापक्रम पाँचगुणा बढी छ। यो अवस्था छ। तर, हामी सबैभन्दा धेरै प्रकृति स्रोतसाधनले सम्पन्न वीर गोरखाली भनेर पहिचान बनाएको हामी कहाँ छौं त? समस्या के हो त? आज पनि हामी खाना, नाना, दानाका कुरा गर्दैछौं।

अलिअलि हिँड्नेहरूले हाम्रो पुल बनेन्, बाटो बनेर भनेर गुनासो गरिरहेका छन्। राजाको बेलाको ३० वर्ष र हामीले बहुदल ल्याएको ३२ वर्ष एउटै नारा, एउटै अभियान छ- सरकार हामीलाई खाना भएन। हामीलाई स्वास्थ्य भएन। हामीलाई चौकी भएन। हाम्रो सडक भएन। हाम्रो बाटो भएन। हाम्रो स्कुल भएन। यो देश ६२ वर्षसम्म यतिमै छ। हामी नेता, हामी भाषण गर्ने। यति धेरै सभासदहरू, यति धेरै प्रदेसहरू, यति धेरै मन्त्रीहरू हामी पालेर बसिरहेका छौं। के का लागि? आज यो प्रश्न हामीसित आएको छ।

तसर्थ हामी गम्भीर बन्न सकेनौं भनें, जतिसुकै हामीले गणतन्त्रको कुरा गरे पनि, जतिसुकै आधुनिकताका कुरा गरे पनि, जतिसुकै इतिहासका कुरा गरे पनि, जति मजबुत आफ्नो पार्टीको र सिद बलियो बनाए पनि हामी अब अगाडि बढ्न सक्दैनौं।

हामीलाई यो समाजले प्रश्न गर्छ, विश्व ग्लोबल भिलेजमा हामीलाई प्रश्न आउँछ प्राकृतिक स्रोतसाधनले सम्पन्न नेपाल के भएको? यो प्रश्न हाम्रो सामुन्ने आउँछ।

सभामुख महोदय, हामीले सञ्चालन गरेको विश्वविद्यालयमा युवाहरू पढ्न जान चाहँदैनन्। हामीले बनाएको शिक्षा दुई थरीको छ- गरीबले सरकारी स्कुल पढ्छ, धनीले प्राइभेट स्कुल पढ्छ। विश्वमा कहाँ छ यो स्थिति। कुन देशमा छ यो स्थिति?

पाठ्यक्रम हामीले समयमा निर्माण गर्न सक्दैनौं। बनाएका पाठ्यक्रमहरू पनि अनुसन्धानमूलक छैनन्। धेरै वर्ष पहिले बूढानिलकण्ठ स्कुल जहाँ गरीब र धनीको फरक थिएन। त्यो स्कुललाई पनि हामीले देशभर फैलाउन सकेनौं।

हामी जो हुनेछ उसैसित लाग्यौं, जो हुनेछैन, जो गरीब छ उसको भोट लियौं। तर, हामीले उसको प्रतिनिधित्व गर्न सकेनौं। हामीले प्रकृतिसित, स्रात र साधनसित हाम्रो शिक्षालाई जोड्नसकेनौं।

सभामुख महोदय, आज विश्व टेली एजुकेसनमा गइसकेको छ। आज विश्व टेलीमेडिसिनमा गइसकेको छ। आज विश्व टेली पोर्टेसनमा गइसकेको छ। तर, आज हामीले कसलाई भन्ने? कसलाई सुनाउने? कसले जवाफ दिने? यो स्थितिमा छौं।

स्वास्थ्यको अवस्था भन्ने हो भने, आज हामी बिरामी भयौं, हामी क्यान्सरको बिरामी हौं, हामी लिभरका बिरामी भयौं भने मलाई लाग्छ आज हामी सभासदहरूले पनि आफ्नो सम्पत्ति बेचेर पनि औषधि गर्ने अवस्था छैन। गरीबहरूको अवस्था के होला? आर्थिक अवस्था कमजोर भएका व्यक्तिहरूको अवस्था के होला?

आज सबैभन्दा महँगो औषधि छ। मेडिसिन माफियाहरूको जगजगी छ। यत्रो संरचना बनाएका छौं, यति डाक्टरहरू उत्पादन गरेका छौं। नर्सहरू उत्पादन गरेका छौं। आज दरबन्दी कहिँ पनि खुलिँदैन।

आज ती पढेर नेपाल सरकारले जनताले तिरेको ट्याक्स तिरेर पढाएका विद्यार्थीहरू नेपाल बस्न चाहँदैनन्। आज इन्जिनियरको भ्याकेन्सी खोलिँदैन। जनरल एजुकेसेन पढेका व्यक्तिहरूको भ्याकेन्सी खोलिन्छ, लोकसेवा खोलिन्छ। तर, डाक्टरहरूको भ्याकेन्सी खोलिँदैन।

सभामुख महोदय, मैले यस्तो देश, यस्तो सरकार ३२ वर्षको अनुभव गर्दा मैले विश्वमा कहिँ पनि देख्दिनँ।

आज जनताले औषधि गर्न सक्दैनन्। यो स्थिति छ। आज हाम्रै नजिकको छिमेकी देश भारतको दिल्लीमा एउटा मुख्यमन्त्री केजरीवालले भन्छन्- म सातवटा हस्पिटल बनाउँदैछु। प्रत्येक हस्पिटलहरू १७ सय बेडको हुनेछन्। ती हस्पिटललाई म ६ महिनामा कम्पलिट गर्छु। हरेक दिल्लीवासीलाई म फ्रि औषधि गर्दछु। पहिलेको सरकारले हस्पिटल बनाउँदा १ करोड लगानी गर्थ्यो भने, मैले २० लाखमा बनाउँछु भनेर डिक्लियर गर्छन्।

हामीलाई ३२ वर्षसम्म एउटा हस्पिटल बनाउन कसले रोक्यो? इच्छा शक्तिले रोक्यो कि? हामीले छानेका मान्छेहरू निकम्मा भए कि? के भयो? यसको बारेमा हामीले बोल्नुपर्ने स्थिति छ।

सभामुख महोदय, हाम्रो हस्पिटलहरू छन्। क्यान्सर हस्पिटल। अहिलेसम्म पेटीस्क्रिन मेसिन छैन। क्यान्सरको चेकअप गर्ने। आज बाहिर जाँदा ६०-७० हजार लाग्छ। इन्डियामा जानुपर्छ। सरकारले व्यवस्था गऱ्यो भने २-३ हजारमा हुन्छ।

क्यान्सर चेक गर्ने मेसिन हामीसित छैन। एमआरआइ मेसिनहरू छैन। यो स्थिति छ। यो माफियातन्त्रलाई हामीले कतिदिनसम्म सहेर बस्ने। सभामुख महोदयमार्फत नयाँ कुराको थालनी गरौं, म राख्न चाहन्छु।

सभामुख महोदय, किसानको हालत नबिऊ छ समयमा, न मल छ, न जमिन छ, न सिँचाइ छ, न बजार छ। त्यसमा पनि बाँदरको बिगबिगी छ। न उसले बजार पाँउछ।

हामी मासु, फलफूल र खाद्यान्नमा अगाडि बढ्न सक्छौं। तर, जब हामीले तरकारी बेच्ने समय हुन्छ। जब फलफूल बेच्ने समय हुन्छ, जब हाम्रो मासु बेच्ने समय हुन्छ, हामी छिमेकी देशबाट ल्याइदिन्छौं। टोटल माफियाको काम गर्छौं।

सरकारका, जनताका प्रतिनिधि भन्दछौं, राम्रो पदमा बस्छौं। तर, जसले मत दिने हो त्यही मत दिने जनतालाई हामीले समयमा धोका दिन्छौं। यसलाई कसले रोक्ने हो?

मेरो जिल्लामा अहिले १३ करोडको सुन्तला बाहिर गयो। हामीले दुई महिनामात्रै रोकेको भए ३६ करोडको सुन्तला बेच्दो रहेछौं। दुई महिनामात्रै। त्यो कोल्डस्टोरमा जोडिदिएको भए सभामुख महोदय। हाम्रो देश सम्पन्न हुँदो रहेछ।

स्याउमा त्यही छ, मासुमा त्यही छ, अलइँचीमा त्यही छ। यो सोच हामीले कहिले बनाउने? यो सोच हामीले कहिले विकास गर्ने? यो कुरा हामीले पार्लियामेन्टमा छलफल गर्नुपर्नेछ।

सभामुख महोदय, हामीले सडकका योजना बनाउँछौं। हामीले एयरपोर्टका योजना बनाउँछौं। हामी भवनका योजना बनाउँछौं। त्यसबाट कति पैसा पाइन्छ एक। दोस्रो समयमा हामीले पूरा गर्दैनौं। त्यसपछि ठेकेदारलाई हामी पोस्न जान्छौं।

त्यतिमात्र होइन सभामुख महोदय, हामीले भैरहवा एयरपोर्ट बनाऔं, ४२ अर्बभन्दा बढी खर्च भयो। त्योभन्दा बढी पोखरा एयरपोर्टमा खर्च भयो। तर, हामीले भारतसित कुरा गरेनौं।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# गोंगबुमा लुटपाट र प्रहरीको गाडी आगजनीमा संलग्न नौजना पक्राउ



**खबर दर्पण समाचारदाता**

**फागुन ३ गते, काठमाडौं**

गोंगबुस्थित लोत्से मलमा रहेको मोबाइल पसलमा लुटपाट र प्रहरीको भ्यानमा आगजनी गर्ने नौजनालाई प्रहरीले सार्वजनिक गरेको छ।

जिल्ला प्रहरी परिसर काठमाडौंका प्रमुख एसएसपी दान कार्कीले मोबाइल पसल लुटपाट र आगजनीमा संलग्नमध्ये नौजनालाई पक्राउ गरिएको जानकारी दिए।

उनका अनुसार ५ जना प्रहरीको गाडी जलाउने काममा संलग्न छन् भने चार जना मोबाइल पसल लुटमा संलग्न रहेका छन्।

मोबाइल पसल लुटपाट आरोपमा पक्राउ पर्नेमा दैलेखको भगवती गाउँपालिका-३ घर भई हाल काठमाडौंको तारकेश्वर बस्ने २४ वर्षीय चिरन रेग्मी, सामाखुशीका ३५ वर्षीय नवीन खड्गी, रुपन्देहीको खैरेनी नगरपालिका-५ घर भइ अहिले काठमाडौं- २६ मा बस्ने वर्ष २२ का सुजन खत्री, झापाको शिवसताक्षी नगरपालिका-४ घर भई हाल स्वयम्भू बस्ने प्रदीप बस्नेत छन्।

प्रहरी परिसरले पक्राउ परेका ती नौजना युवाहरुलाई बुधबार पत्रकार सम्मेलन गरेर सार्वजनिक गरेको छ।

एसएसपी कार्कीले सामाजिक सञ्जालका फुटेजहरुका आधारमा छानबिनका क्रममा उनीहरुलाई पक्राउ गरिएको बताए।

'चोरीका सामान नै बोकेका व्यक्तिहरु पक्राउ परेका हुन्', उनले भने, 'जसमा आगजनीमा पनि संलग्नहरु छन्। लाइटर ल्याएर प्रहरीको गाडी जलाउन उनीहरुको संलग्नता देखिएको छ।'

प्रहरीका अनुसार फागुन १ गते काठमाडौं महानगरपालिका-१६ माछापोखरी चोकस्थित नेपाल यातायात स्वतन्त्र मजदुर संगठन, नेपाल यातायात मजदुर संघ र अखिल नेपाल यातायात मजदुर संघका यातायात व्यवसायहरूले ट्राफिक कारवाही लगायत विषयमा विभिन्न १० (दश) बुँदे माग राखी गरेको विरोध प्रदर्शनका क्रममा गाडी जलाउने पनि समातिएका छन्।

त्यसक्रममा प्रहरी वृत्त बालाजुबाट सुरक्षामा खटिएका प्रहरी बोकेका बा २ भ १४४ नम्बरको स्कर पियो गाडी र बा १ झ ७२२४ नम्बरको माज्दा गाडी जलाइएको थियो।

उक्त घटनाका क्रममा गाडीभित्रको मोटोरेला बेस सेट एक थान, फायर स्ट्रिङ्गुइजर एक थान, मेगा फोन एक थानसहित अरु सामन पूरै जलेका थिए।

त्यस्तै बा १ झ ७२२४ नम्बरको माज्दा गाडीभित्रको हाइटेरा बेस सेट १ थान, फायर स्ट्रिङ्गुइजर एक थान र मेगाफोन थानसहित जलेर नष्ट भएका छन्।

प्रदर्शनकारीले माछापोखरी प्रहरी बिटमा समेत ढुङ्गामुढा र आगजनी गरेका थिए। त्यसक्रममा बिटभित्रको हाइटेरा ह्याण्ड सेट चार्जर २ थान र त्यसको दुई थान ब्याट्री जलेर नष्ट भएको प्रहरीले जनाएको छ।

उनीहरुले त्यहीँको ट्राफिक आइल्याण्डमा समेत तोडफोड र आगजनी गरेका थिए। तोडफोडका क्रममा उक्त ट्राफिक आइल्याण्ड र त्यहीँ रहेको नेपाल टेलिकमको ट्रेलर मेसिन तथा १४४ कोर फाइबर केलब ३३ सय ७० मिटर जलेको थियो।

उक्त घटनामा संलग्नहरूको विभिन्न भिडिओको आधारमा खोजी गर्दा मंगलबार बालाजु माछापोखरीबाट पाँचजना समातिएका हुन्।

पक्राउ पर्नेमा उदयपुरको बलम्ता गाउँपालिका २ घर भई तार्केश्वर नगरपालिका १०, मनमैजु बस्ने ४० वर्षीय विक्रम राई, नुवाकोटको पञ्चकन्या गाउँपालिका ३ घर भई टोखा नगरपालिका ३ बानियाटार बस्ने ३० वर्षीय रामहरि भण्डारी, लमजुङको बेँसीसहर नगरपालिका ५ घर भई तार्केश्वर नगरपालिका १० बस्ने २३ वर्षीय विवेक श्रेष्ठ रहेका छन्।

त्यसैगरी काभ्रेपलान्चोकको मानेडाँडा घर भई हाल ठमेल बस्ने ३१ वर्षीय राजेश तामाङ, प्युठानको कडी गाउँपालिका १ घर भई गोंगबु बस्ने १८ वर्षीय दिपेन्द्र पुन मगर, काभ्रेपलान्चोकको भुम्लु गाउँपालिका २ घर भई काठमाडौं महानगरपालिका १६ गंगाहल बस्ने २० वर्षीय आशीष खड्का रहेका छन्। उनीहरुविरुद्ध मुलुकी अपराधसंहिता २०७४ को परिच्छेद २६ को दफा २८५ बमोजिम अपराधिक उपद्रव गर्न नहुने कसूर सम्बन्धी मुद्दा दर्ता गरी काठमाडौं जिल्ला अदालतबाट दिन ३ म्याद थपिएको प्रहरीले जनाएको छ।

उनीहरुसँगै संदिग्ध १० जना अन्य व्यक्तिहरूलाई पनि नियन्त्रणमा लिई सोधपुछ र छानबिन भइरहेको एसएसपी कार्कीले बताएका छन्।

## प्रदेश सभाको पहिलो बैठकमा भ्रष्टाचार मुद्दा...

भ्रष्टाचारको छानबिन गर्न सरकारसंग माग गरेका छन् । मधेश प्रदेशसभाको ५ औं वार्षिकोत्सवमा मुख्यमन्त्री सरोजकुमार यादवले सरकार बुलेट ट्रेनभन्दा गतिमा काम गर्छ भनेको अभिव्यक्तिलाई ईंगित गर्दै उनले भने, उक्त विश्वविद्यालयमा भएको भ्रष्टाचारको छानबिन गर्न एक समिति गठन हुनुपर्छ । प्रदेश सरकारको विशेष महत्वाकांक्षी ऐन बनाएरै ल्याइएको योजनाको कृषि विश्वविद्यालयको गाडी र कर्मचारी कोही निजी व्यक्तिले प्रयोग गर्नु दुखद रहेको उनले बताए । मधेश प्रदेश सभाको पहिलो अधिवेशनको पाँचौं बैठकमा बोल्दै उनले भने, 'बा.२ झ २४१५ नम्बरको प्रदेश सरकारको गाडी कुनै व्यक्ति चढिरहेका छन् । 'प्रदेश सरकारको कर्मचारी कसैको निजी काममा प्रयोग भइरहेका छन्' उनले भने, सरकारलाई यस्ता अनियमित कार्य रोक्न ध्यानाकर्षण गराउँछु ।'प्रदेश सभासदस्य कञ्चन विच्छाले मधेश प्रदेशको आठवटै जिल्ला कृषिमा आधारित रहेकाले पहिला किसानलाई खाद ,बीउ समुचित व्यवस्था मिलाउन आग्रह गरिन् । शिक्षा र स्वास्थ्यको व्यवस्था जनतामुखी हुनुपर्ने माग गर्दै उनले भ्रष्टाचार मुक्त विकास निर्माणको काम गराउन सरकारको ध्यानाकर्षण गराइन् ।त्यसैगरी,सांसद विमला अन्सारीले गरिबीका रेखामुनि रहेका मधेश प्रदेशका जनताहरुको पहिचान गरी परिचयपत्र प्रदान गरी खाद्य,शिक्षा , स्वास्थ्य र रोजगारीमा विशेष सहुलियत प्रदान गर्नुपर्ने आवश्यकता औंल्याइन् । मिटर ब्याजीहरुको कारणले मधेश प्रदेशका विपन्न परिवारको जग्गा घर लिलाम भइ सुकुम्वासी बन्न बाध्य भएको बताउँदै उनले भनिन्,'लिएको ऋण ब्याज चुक्ता गर्दा पनि जालझेल गरेर विभिन्न तरिकाले मानिसहरुको शोषण भइरहेको छ ।

# महाशिवरात्रि नजिकिएसँगै शिवालय सिँगारिँदै



**खबर दर्पण समाचारदाता**

**फागुन ३ गते, जलेश्वर**

महाशिवरात्रि नजिकिएपछि महोत्तरी जिल्लाको विभिन्न ठाउँमा रहेका शिवालयहरू सिँगारिन सुरु भएको छ। जिल्लामा प्राचीन, प्रसिद्ध तथा पुरातात्त्विक महत्व राख्ने जलेश्वरनाथ, टुटेश्वरनाथ, मङ्गलनाथ, सिद्धनाथसहितका शिवालयमा महाशिवरात्रिमा दर्शनार्थीको सहज दर्शनको व्यवस्थापनका साथसाथै मन्दिरहरूको रङरोगन सुरु भएको छ।

जलेश्वरनाथ महादेव मन्दिरमा यसै सप्ताह गठन भएको महाशिवरात्रि मेला महोत्सवका अध्यक्ष र मनकुमार चौधरीले जलेश्वरनाथ महादेव मन्दिरको रङरोगन सुरु गरिसकिएको जानकारी गराउनुभयो। दर्शनार्थीलाई सहज दर्शनका लागि व्यवस्थापन गर्ने काम भइरहेको बताउनुभयो। उहाँले यो वर्ष लाइन लागेको बढीमा दुई घण्टामा दर्शन गराउने तयारी रहेको उल्लेख गर्नुभयो।

राजा जनकको राजधानी जनकपुरको दक्षिणीद्वारका रूपमा रहेको जलेश्वरनाथ स्वयं भगवान् रुद्रबाट स्थापना भएको पुराणहरूमा उल्लेख छ। पुराणहरूमा सीताको रक्षाकवचको रूपमा स्वयं महादेवले पहरेदारी दिने भएकाले जनकपुरको पूर्वोत्तर कुनामा कपिलेश्वरनाथ, उत्तरमा क्षिरेश्वरनाथ, दक्षिणपूर्वमा कल्याणेश्वर र पश्चिमदक्षिण कुनामा जलेश्वरनाथ महादेव प्रतिष्ठित भएको उल्लेख छ। यी महादेवको दर्शन गर्नाले चार देवस्थलको पुण्य मिल्ने विश्वास रहेकाले पनि यहाँ दर्शनार्थीको भीड लाग्ने गरेको छ।

जलेश्वरनाथमा लागेको महाशिवरात्रि मेलालाई व्यवस्थित बनाउन जलेश्वरनाथ मेला समितिले निःशुल्क स्वास्थ्य शिविर, खानेपानी र शान्ति सुरक्षाका लागि नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेना परिचालन गरिदिन आग्रह गरेको छ। यसवर्ष महाशिवरात्रि पर्व फागुन ६ गते शनिबार परेको छ।

जिल्लाको सोनमा गाउँपालिकामा रहेको मङ्गलनाथ महादेव मन्दिरमा समेत शिवलिङ्ग छोपिने गरी गुफामा जल भरिएकोले त्यहाँ पनि दर्शनार्थीलाई सहज दर्शनका लागि व्यवस्थापन भइरहेको स्थानीय युवा धर्मेन्द्रकुमार यादवले जानकारी दिनुभयो। उहाँले महोत्तरीको पश्चिमवर्ती क्षेत्रमा ख्यातिप्राप्त यो महादेवको दर्शन गर्नाले पुण्यको प्राप्ति हुने जनविश्वासले दर्शनार्थीको भीड देखिने गरेको बताउनुभयो।

## शितलहरबाट बचौ र बचाऔ

शितलहरले तराई मधेशको मौसममा प्रतिकुल असर पारिरहेको र शितलहरसंगै चलेको चिसो हावाले जनजिवन प्रभावित गरिरहेकोले चिसोबाट सुरक्षित रहौ र परिवारका सदस्यहरुलाई सुरक्षित राखौ । चिसोको समयमा बृद्ध बृद्धा,रोगी,बालबालिका र गर्भवतीहरु झन जोखिममा हुन्छन ।उनीहरुलाई चिसोबाट जोगाउन विशेष सतर्कता अपनाऔ ।

- समयमै न्यानो कपडाको जोहो गरौ ।
- चिसोको समयमा बर बाहिर खुल्ला सनमा धेरै समय नविताऔ ।
- घर वाहिर निस्कनु परेमा वा धेरै समय विताउनु परेमा पर्याप्त न्यानो कपडा साथमा राखौ ।
- घर भित्र राति सुत्दा शरिरका साथै अनिवार्य रुपमा छाती र टाउको ढाक्ने गरौ ।
- चिसो हावा चलेको समयमा आगो तापेर शरिरलाई न्यानो राख्ने गरौ ।
- छाती र टाउकोलाई चिसोबाट जोगाऔ ।
- चिसोको समय शरिरलाई चाहिने आवश्यक तातो खानेकुराहरु खाने वानीको विकास गरौ ।
- तातो पानी पिईरहौ ।

औरही नगरपालिका, महोत्तरी

# पन्ध्र दिने मध्यमा परिक्रमाको तयारी तीव्र, यस पटकको उद्घाटनमा सेनाको पञ्चेबाजा र प्रहरीले सलामी दिने



**विजय साह**

**फागुन ३ गते, ढल्केवर**

प्रत्येक वर्ष शुल्कपक्ष प्रतिपदाका दिन धनुषाको मिथिला बिहारी नगर पालिका(८ कचुरीस्थित मिथिला बिहारी मन्दिरबाट सुरु हुने १५ दिने मध्यमा परिक्रमाको तयारी तीव्र गरिएको छ । परिक्रमा प्रारम्भको दिन नजिकिएसँगै तयारी तीव्र गरिएको हो ।

यस वर्ष फागुन ८ गते मिथिला बिहारी मन्दिरबाट मध्यमा परिक्रमा सुरु हुने मन्दिर व्यवस्थापन समितिका अध्यक्ष अजय झाले बताउनुभयो । यो मन्दिर पाँच सय वर्ष पुरानो छ । यस मन्दिरबाट भगवान रामको डोलासहित परिक्रमाको प्रारम्भ गर्ने परम्परा निकै पुरानो छ ।

आउँदो सोमबार बिहान यहाँबाट झाँकी किर्तनसहितको परिक्रमा टोली जनकपुरधामको हनमानगढी पुग्ने सो ठाउँमा जानकीमन्दिर र राममिन्दर लगायत अन्य मठमन्दिर बाट आएका भगवानका डोला तथा भक्तजन एकत्रित भएर कल्यानेश्वरका लागि सोही दिन प्रस्थान गर्ने उहाँले जानकारी दिनुभयो ।

नेपाल(भारत दुबै देशका धार्मिक साँस्कृत एवम् पारम्परिक सद्भावका प्रतीक मध्यमा परिक्रमाअन्तर्गत नेपालको र भारतको चार गरी १५ विश्रामस्थल पर्दछ । परिक्रमाअन्तर्गत पर्ने विश्रामस्थलमा साधुसन्त तथा भक्तजनका लागि भोजन, पानी, विद्युत, अस्थायी शौचालय, स्वास्थ्य शिवीरलगायत यावत् व्यवस्थापनका लागि जुटिसकेको अध्यक्ष झाले बताउनुभयो ।

मध्यमा परिक्रमालाई उल्लासमय बनाउन तथा व्यवस्थापनमा विशेष भूमिका निर्वाह गर्दै आएको वृहत्तर जनकपुर क्षेत्र विकास परिषदले यस यसवर्ष पनि विशेष तयारी थालेको छ । परिषद्का प्रमुख कार्यकारी निर्देशक शितल साहले अरु वर्षको तुलना यसपटक परिक्रमा उद्घाटन विशेष बनाउने र विश्रामस्थल व्यवस्थापनका बारे धनुषा र महोत्तरी जिल्लाका पदाधिकारीबीच मङ्लबार छलफल भएको बताउनुभयो ।

दुबै जिल्लाका प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुख, वन डिभिजनल प्रमुख र विश्रामस्थलमा पर्ने स्थानीय तहका प्रमुखलगायत सरोकारवाला निकायबीच परिक्रमा व्यवस्थापन तथा उल्लासमय बनाउन छलफल भएको छ । डोला विश्राम गर्ने स्थलको सम्पूर्ण व्यवस्थान सम्बन्धित स्थानीय तहले गर्ने छलफल भएको उहाँले जानकारी दिनुभयो ।

उहाँका अनुसार यस वर्ष परिक्रमा उद्घाटनलाई पनि विशेष बनाउने छलफल भएको छ । कचुरीबाट प्रारम्भ हुने परिक्रमा उद्घाटनका अवसर नेपाली सेनाका जवानले पञ्चेबाजा बजाउने र भगवान रामको डोलालाई नेपाल प्रहरीका जवानले सलामी दिने छन् ।


निर्देशक साहले एशियाकै सबैभन्दा लामो दुरीको धार्मिक पैदल यात्रालाई पर्यटन क्षेत्रसँग जोडर यसको विकास तथा प्रचारप्रसार हुनुपर्ने बताउनुभयो । परिक्रमामा प्रत्येक वर्ष भक्तजनको सङ्ख्या थपिँदै गएको बताउँदै उहाँले यस वर्ष करिब पाँच लाखको हाराहारीमा श्रद्धालु भक्तजन सहभागी हुने अनुमान गरिएको जानकारी दिनुभयो ।


यसैगरी, बुधबार बिहान जनकपुर धामस्थि हनुमानगढी सरसफाईमा जनकपुरधाम उपमहानगर जुटेको छ । औपचारिक रुपमा परिक्रमा प्रस्थान गर्न डोला तथा सहभागी यहीँ जम्मा हुने हुँदा यस ठाउँको सरसफाई जनकपुरधाम उमहानगर जुटेको हो ।

१५ दिने मध्यमा परिक्रमा पहिलो दिन कचुरीबाट प्रारम्भ भई जनकपुरधामको हनुमानगढी पुग्दछ । र, सो ठाउँमा जानकीमन्दिर राममन्दिर लगायत मठमन्दिरबाट आएका डोला तथा भक्तजन एकत्रित भएर औपचारिक परिक्रमा शुरु हुन्छ । त्यसपछिका दिनमा मठिहानी, जलेश्वर, मडई, ध्रुवकुण्ड, कञ्चनवन, क्षीरेश्वरनाथ (पर्वता), धनुषाधाम, सतोषर, और ही पुनः कल्याणेश्वर हुँदै फागु पुर्णिमाका दिन जनकपुरधाम फर्केर पाँच कोसे अन्तगृह परिक्रमा गरी समाप्त हुने गरेको छ ।

परिक्रमामा परम्परागत बाजागाजा, झाँक्री, किर्तनसहित मौलिक पहिरनमा लाखौं महिला पुरुष सहभागी हुने गर्दछन् । हजारौं श्रद्धालु भक्तजनको भीडले यो परिक्रमाले धनुषा र महोत्तरी जिल्लालाई धार्मिक पर्यटनको रुपमा प्रसिद्ध गराउने सहयोग गरेको छ ।

# महोत्तरीका चार पालिकामा मौसम स्टेशन स्थापना





**खबर दर्पण समाचारदाता**

**फागुन ३ गते, बर्दिवास**

बर्षाद र हावाहुरीको पूर्वानुमान भइइदिएको भए बालीनाली नोक्सान हुँदैन्थ्यो कि ? भन्ने आम किसानहरुको साझा प्रश्न बनिरहेको बेला महोत्तरीमा भने यसको निराकारण हुने भएको छ ।

प्रत्येक पालिकाहरुमा मौसम स्टेसन जडान गर्ने कार्य प्रारम्भ भएसँगै मौसमको पूर्वानुमान हप्तौँ अघि लिन सकिने भएको छ । विशेषगरी, बालीनाली लगाउने किसानहरूको लागि निकै उपयोगी बन्न सक्ने मौसम स्टेसनले भूगोलअनुसार कति क्षेत्रफलको जानकारी लिने भन्ने योजना अनुसार नै स्थापना गरिएको छ ।

बर्दिबास, गौशाला, औरही र भंगाहा नगरपालिकामा स्थपना गरि सकिएको स्टेसनले उक्त क्षेत्रफल भित्रको मौसमको जानकारी दिन सुरु गरिसकेको छ । एन्ड्रोइड मोबाइलमा युजर नेम र पासवोर्डको माध्यमबाट सजिलै खोल्न सकिने भएकाले स्टेसन राखिएको क्षेत्रको मौसमको अवस्था विश्वभरीबाट हेर्न सकिन्छ । युरोपियन युनियन र अष्ट्रियन विकास नियोगको आर्थिक सहयोग तथा आड्रा नेपाल, रुपान्तरण र सामुदायिक विकास तथा पैरवी मंच नेपालको साझेदारीमा संचालित लिरिक परियोजनाअन्तर्गत जडान गरिएको उक्त मौसम स्टेसन जिल्लाका अहिलेसम्म तीनवटा पालिकामा र ाखिएको छ ।

नगर क्षेत्रमा स्थापना गरिएको मौसम स्टेसनले नगरभरीको मौसमसम्बन्धी जानकारी दिनेछ । मौसमको पूर्ण जानकारी लिनको लागि अन्डर ग्राउन्ड वेदर भन्ने एप डाउनलोड गर्नुपर्नेछ । उक्त एपमा प्राविधिकहरुले सुरक्षित गरेको आईपी ठेगाना हालेपछि मौसमको वस्तुस्थिति थाहा पाउन सकिन्छ ।

प्राविधिकहरुले स्थापना भएका नगर क्षेत्रमा स्टेसन आईडीसमेत सार्वजनिक गरेका छन् । बर्दिबास नगरपालिकाको IBARD16 गौशाला नगरपालिकाको IGAUSH2, औरही नगर पालिकाको IAURAH1 र भंगाहा नगरपालिकाको IVAGAH1 रहेको पप्पु यादवले जानकारी दिए ।


## शितलहरबाट बचौं र बचाऔं

शितलहरले तराई मधेशको मौसममा प्रतिकुल असर पारिरहेको र शितलहरसंगै चलेको चिसो हावाले जनजिवन प्रभावित गरिरहेकोले चिसोबाट सुरक्षित रहौ र परिवारका सदस्यहरुलाई सुरक्षित राखौ । चिसोको समयमा बृद्ध बृद्धा,रोगी,बालबालिका र गर्भवतीहरु झन जोखिममा हुन्छन ।उनीहरुलाई चिसोबाट जोगाउन विशेष सतर्कता अपनाऔ ।

- समयमै न्यानो कपडाको जोहो गरौ ।
- चिसोको समयमा बर बाहिर खुल्ला सनमा धेरै समय नविताऔ ।
- घर वाहिर निस्कनु परेमा वा धेरै समय विताउनु परेमा पर्याप्त न्यानो कपडा साथमा राखौ ।
- घर भित्र राति सुत्दा शरिरका साथै अनिवार्य रुपमा छाती र टाउको ढाक्ने गरौ ।
- चिसो हावा चलेको समयमा आगो तापेर शरिरलाई न्यानो राख्ने गरौ ।
- छाती र टाउकोलाई चिसोबाट जोगाऔ ।
- चिसोको समय शरिरलाई चाहिने आवश्यक तातो खानेकुराहरु खाने वानीको विकास गरौ ।
- तातो पानी पिईरहौ ।

जनकपुरधाम उपमहानगरपालिका, धनुषा


# जनकपुर यातायात कार्यालयबाट दुई दलाल प्रहरीको फन्दामा

**खबर दर्पण समाचारदाता**

**फागुन ३ गते, जनकपुर**



यातायात व्यवस्था कार्यालय जनकपुरबाट दलाल आरोपमा दुईजना पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा महोत्तरीको लोहरपट्टी नगरपालिका ३ का ३३ वर्षीय अनिल साह र महोत्तरीकै एकडारा गाउँपालिका -३ का ३५ वर्षीय विरेन्द्र साह छन् ।

उनीहरुलाई बुधबार सवा ३ बजेको समयमा जनकपुरको मुजेलिया स्थित रहेको यातायात कार्यालयमा आउने सेवाग्राहीहरुलाई काम छिटो छरिटो गराइदिन्छु भनि आर्थिक लाभ लिइ बिचौलियाको काम गरि रहेको गोप्य सूचनाको अधारमा पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ । तोकेको भन्दा बढी कर शुल्क लिइरहेको अवस्थामा पक्राउ गरी नियन्त्रणमा लिइ थप अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३)
कमप्युटर अपरेटर : बिबेक कुमार महतो (९८०४८०४७००) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा